बैठक संख्या - ६३

समयः- बिहान ८.३० बजे

आज मिति २०८१ साल कार्तिक महिनाको २८ गते बुधबारको दिन हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

श्री लक्ष्मी देवी पाण्डे – अध्यक्ष
श्री पूर्ण सिं राना मगर – उपाध्यक्ष
श्री रेवती सारु (मगर) – कार्यपालिका संदस्य एवं गाउँपालिका प्रवक्ता
श्री प्रेम बहादुर घर्ती - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १
श्री कृष्ण बहादुर थापा - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २
श्री विष्णु राना (मगर) - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३
श्री महेन्द्र पाण्डेय - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४
श्री पदम बहादुर राना मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५
श्री छम बहादुर सोमै मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६
श्री उर्मिला महतो - कार्यपालिका सदस्य
श्री तुलीसरा सोमै मगर - कार्यपालिका सदस्य
श्री बिनीसरा ढेंगा मगर - कार्यपालिका सदस्य
श्री मोतीलाल कुमाल - कार्यपालिका सदस्य
श्री केमान सिंह - कार्यपालिका सदस्य
श्री हरि प्रसाद पराजुली - प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव

अन्य उपस्थिती –

श्री राजेन्द्र प्रसाद रेग्मी – लेखा अधिकृत
श्री रवि काफ्ले – प्रशासकीय अधिकृत
श्री रोजिलनताल - लेखापाल

मिति २०८१ कार्तिक म[illegible] २८ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न १ कार्यपालिकाको पुर्व बैठकको समिक्षा सम्बन्धमा।

निर्णय न १

प्रस्ताव न १ माथि छलफल गर्दा मिति २०८१।०६।३० गते बसेको बैठकका निर्णयहरु समिक्षा गर्दा डिजिटल घर नक्सा सम्बन्धि निर्णयलाई कार्यन्वयन गर्नका लागि सवै वडाका वडाध्यक्षहरुज्यू, वडा सचिवहरु सहित अन्तरकृया कार्यक्रम गरी यसलाई कार्यन्वयनमा लैजाने निर्णय गरियो।

प्रस्ताव न २ करार कर्मचारीहरुको म्याद थप सम्वन्धमा।

निर्णय न २

प्रस्ताव न २ माथि छलफल गर्दा यस अधि कार्तिक मसान्त सम्म करार कर्मचारीहरुको म्याद थप गरिएकोमा डिजिटल घर नक्साको कार्यमा समेत कर्मचारीहरु प्रयोग गर्नुपर्ने भएकोले सम्पुर्ण कर्मचारीहरुको म्याद २०८१ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो।

प्रस्ताव न ३ कार्यविधि निर्माण सम्बन्धमा।

निर्णय न ३

प्रस्ताव न ३ माथि छलफल गर्दा चालु आ.व को नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित कार्यक्रमहरुलाई कार्यन्वयन गर्नका लागि आवश्यक कार्यविधिहरु सवै शाखाले विधायन व्यवस्थापन समितिबाट पारित गराइ कार्यापालिकामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव न ४ व्यवसाय दर्ता शिविर सम्बन्धमा।

निर्णय न ४

प्रस्ताव न ४ माथि छलफल गर्दा गिरुवारी वजारमा पुन १ दिन र अन्य वडाहरुमा समेत व्यवसा[illegible] दर्ता शिविर सञ्चालन गर्ने।

प्रस्ताव न ५ उपभोक्ता समिति अभिमुखिकरण सम्बन्धमा।

निर्णय न ५

प्रस्ताव न ५ माथि छलफल गर्दा उपभोक्ता समिति गठन कार्य सम्पन्न भएका वडाहरुमा यथासि[illegible] उपभोक्ता समिति अभिमुखिकरण कार्य सम्पन्न गर्ने निर्णय गरियो।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

मिति २०८१ कार्तिक महिना २८ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न  ६ युनाइटेड गोल्डकपको रकम भुक्तानी सम्वन्धमा।

निर्णय न ६

प्रस्ताव न ६ माथि छलफल गर्दा यस गाँउपालिका वडा न ३ मा सञ्चालन भएको ३८ औं युनाइटेड गोल्डकप २०८१ फुटवल प्रतियोगिता सञ्चालन भइ सम्पन्न भईसकेकोले खेलकुद सामाग्री खरिद तथा अन्य व्यवस्थापनको विल भर्पाइ वमोजिम रु १ लाख रकम भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव न  ७ भगिनि सम्वन्ध कायम गर्ने सम्वन्धमा।

निर्णय न ७

प्रस्ताव न ७ माथि छलफल गर्दा देशकै उत्कृष्ट र विकासको नमुना पालिकाको रुपमा शाख वनाउन सफल गण्डकी प्रदेशको भरतपुर महानगरपालिकासँग असल अभ्यासको आदानप्रदान गर्ने कार्य सम्पन्न गर्नका लागि भगिनि सम्वन्ध कायम गर्नका लागि पहल गर्ने निर्णय गरियो।

प्रस्ताव न  ८ गुनासो सुनुवाइ अधिकारीको नियुक्ति सम्वन्धमा।

निर्णय न ८

प्रस्ताव न ८ माथि छलफल गर्दा भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय प्रशासन, सहकारी तथा गरिवि निवारण महाशाखाको च न ३१५ मिति २०८१।०७।२३ गतेको पत्रवाट यथासिघ्र २ जना गुनासो सुनुवाइ अधिकारीको नियुक्त गरी पठाइदिनुहुन अनुरोध भइ आएकोले प्रविणता तह वा सो भन्दा माथि योग्यता भएका हुप्सेकोट गाँउपालिका वडा न ४ निवासी  श्री विद्या पाण्डे र हुप्सेकोट गा पा वार्ड न ३ वस्ने श्री पुजा सारुलाई गुनासो सुनुवाइ अधिकारी नियुक्त गरी मन्त्रालयमा पठाइदिने र गरिव परिवार परिचयपत्र वितरण कार्यविधि, २०७९ वमोजिम २ महिनाको पारिश्रमिक दिने निर्णय गरियो।

प्रस्ताव न  ९ कामकाजमा खटाइएका कर्मचारीहरुको सम्वन्धमा।

निर्णय न ९

प्रस्ताव न ९ माथि छलफल गर्दा कर्णाली प्रदेश स्थानीय सेवा गठन र सञ्चालन ऐन २०८१ को दफा १३६ मा उल्लेख भए वमोजिम कर्मचारी पदस्थापन सम्वन्धी विशेष व्यवस्था अनुसार यस हुप्सेकोट गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयमा शिफारिस भइ संघीय मामिला मन्त्रालययको निर्णयानुसार हाल अन्यत्र नगरपालिका / गाँउपालिकामा कामकाज गरिरहनुभएका तपशिलका कर्मचारीहरुले

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

मिति २०८१ कार्तिक महिना २८ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

पदस्थापनाका लागि सहमतिको निर्णय गरिदिन भनि निवेदन दिएकोले निवेदन माग बमोजिम कामकाज गरिरहेकै स्थानीय तहमा पदस्थापन गर्न स्विकृत दिइएको भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विरेन्द्रनगर, सुर्खेतमा सिफारिस गर्ने निर्णय गरियो।

तपशिल

| क्र स | नामथर | पद | संकेत न . | सरुवा भएको स्थानीय तह | प्रदेश |
|---|---|---|---|---|---|
| १ | प्रेम बोहोरा | सहायक पाँचौ | २३६२४८ | नलगाढ नगरपालिका, जाजरकोट | कर्णाली प्रदेश |
| २ | धर्मराज अधिकारी | खा.पा.स.टे. | २४२१८३ | पन्चपुरी नगरपालिका, सुर्खेत | कर्णाली प्रदेश |
| ३. | सुक बहादुर वुढा | अ.सव इन्जिनियर | २४११८७ | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | कर्णाली प्रदेश |

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner

मिति २०८१ कार्तिक महिना २८ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न १० देउराली हुप्सेकोट शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई भुक्तानि सम्बन्धमा।

निर्णय न १०

प्रस्ताव न १० माथि छलफल गर्दा चालु आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेखित देउराली हुप्सेकोट शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितलाई रु २५ लाख रकम विनियोजन भएकोमा गत वर्ष र यस वर्षा गएको अविरल वर्षाका कारण खानेपानी योजनामा निर्माण भएका संरचनाहरु इन्टेक कलेक्सन च्याम्बर मुख्य पाइपलाइन विद्युतिकरण लगायतमा क्षती पुग्न गएको अवस्थामा संरचनाहरुको निर्माण कार्यको डिफेक्ट लायबिलिटि पिरियड समेत सकिएकोले लागत अनुमानको आधारमा यस गाँउपालिकको चालु आर्थिक वर्षको बजेट शिर्षक न ६९ NWASH कार्यक्रम निरन्तरता र प्रदेशसँगको सहकार्य शिर्षकमा विनियोजित रु ६ लाखबाट ३ लाख रकम र बजेटमा उल्लेखित २५ लाख रकम समेत हुन आउने कुल २८ लाख रकमबाट १४ लाख रकम पेश्की स्वरुप प्रदान गर्ने निर्णय प देउराली हुप्सेकोट शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितलाई कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने गरी अनुदान दिने निर्णय गरियो।

CS CamScanner